# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. नेपालद्धारा पर्वत जिल्लास्थित जनसेवी लघुवित्त वित्तीय संस्था लिमिटेडको उद्घाटन



गभर्नर डा. चिरंजीबि नेपालले पर्वत जिल्लाको कुश्मामा केन्द्रीय कार्यालय रहेको **जनसेवी लघुवित्त वित्तीय संस्था लिमिटेड**को कात्तिक १५ गते आइतबार उद्घाटन गर्नु भयो । उक्त कार्यक्रममा सम्बोधन गर्नुहुदै गभर्नर डा. नेपालले दुर्गम ग्रामीण एवं उच्च गरिबी भएका क्षेत्रमा वित्तीय सेवाको पहुँच तथा समावेशीकरण र वित्तीय साक्षरता अभिवृद्धि गर्न लघुवित्त वित्तीय संस्थाहरुको स्थापना गर्न राष्ट्र बैंकले प्राथमिकता दिएको बताउनु भयो । गभर्नर डा. नेपालले सानो सानो बचत निक्षेप संकलन गरी सर्वसाधारणको बैंकिङ्ग सेवामा पहुँच बढाउन, स्थानीयस्तरमा उपलब्ध स्रोत साधनलाई कृषि र पर्यटन क्षेत्रमा लगानी गरी रोजगारी सृजना गर्ने कार्यमा मध्यस्थकर्ताको भूमिका निर्वाह गर्न लघुवित्त संस्थाहरुको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । भौगोलिक एवम् सामाजिक रुपले वञ्चितिकरणमा परेका स्रोत र साधनका दृष्टीकोणले पछाडि परेका समुदायसम्म पुग्न बैंक तथा वित्तीय संस्थाहरुलाई आग्रह गर्नुभयो ।

पश्चिमाञ्चल क्षेत्रमा रेमिट्यान्स आप्रवाह उच्च रहेको बताउनु हुँदै गभर्नर डा. नेपालले त्यसलाई उत्पादनशील क्षेत्रमा लगानी गरी उत्पादन, उत्पादकत्व तथा रोजगारी बढाउन र आयात प्रतिस्थापन गर्न सघाउ पु्याउने व्यवसायमा लगानी गर्न आग्रह गर्नु भयो । लघुवित्त संस्थाहरुले गर्ने कारोवारमा दोहोरोपना (duplication) हटाउन लघुवित्त सेवाको पहुँच कम भएका क्षेत्रमा लघुवित्त संस्था स्थापना गर्न इजाजत दिने र त्यस्ता संस्थाहरुको उपस्थिति कम भएका क्षेत्रमा मात्र शाखा विस्तार गर्न स्वीकृति प्रदान गर्ने नीति लिइएको बताउनु भयो ।

२०७२ कार्तिक १६, सोमबार

गभर्नरको कार्यालय